**गाउँ सभाका आदरणीय सम्पूर्ण सदस्य ज्यूहरु,**

**आमन्त्रित समाजसेवी बुद्धिजीवी व्यक्तित्व,आमाबुबा,दाजुभाई,दिदिबहिनी भद्र महिला तथा सज्जनवृन्द,**

नेपाली जनताको संघर्षपूर्ण वलिदानको परिणामस्वरुप प्राप्त नेपालको संविधान कार्यान्वयन गर्ने क्रममा भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ती आफ्नो अमूल्य जीवन सर्मपण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति यस गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै उच्च सम्मान व्यक्त गर्दछु ।

लामो समयसम्म स्थानीय निकायमा लोकतान्त्रिक प्रक्रिया अवरुद्ध हुँदा सेवामा आधारित राजनैतिक अभ्यासको संस्कार तथा नेतृत्व विकासमा वाधा पर्न गयो । हाल जनताको व्यापक सहभागितामा सम्पन्न निर्वाचनबाट स्थानीय तहले सक्षम,योग्य र क्षमतावान नेतृत्व पाईसकेको अवस्थामा राजनैतिक नेतृत्वमार्फत राज्यव्यवस्था सञ्चालनको काम हुनेछ । यसका लागि निर्वाचन जस्तो महत्वपूर्ण कार्य सम्पन्न गर्न आफ्नो अमुल्य भोट दिने मतदाता,संस्थागत कार्य गर्ने कर्मचारि वर्ग,सुरक्षा व्यवस्थापन गर्ने सबै सुरक्ष निकायहरु,वास्तविक सुचनाको सञ्चार गर्ने पत्रकार ज्यूहरु तथा समन्वयात्मक सहकार्य र स्वच्छ लोकतान्त्रिक अभ्यास गर्ने सम्पूर्ण राजनैतिक दलप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधानले संघियता,समृद्धि समाजको आधारशिला निर्माण गर्नमा योगदान गर्नेछ । नेपालको इतिहासमै परिवर्तित पुर्नसंरचना अन्तर्गत बनेको धुर्कोट गाउँपालिकामा हुँदै गरेको गाउँसभाको यो ऐतिहासिक अवसरमा यस गाउँपालिकालाई सवल संवृद्धि र नमुना गाउँपालिका निर्माणका निम्ती प्रतिवद्धता र संकल्प सहित यो नीती तथा कार्यक्रम ल्याईएको व्यहोरा अनुरोध गर्दछु ।

**आदरणीय उपस्थित महानुभावहरु ,**

जनतालाई सुशासनको प्रत्याभुति गर्दै घर आगनमै सेवा पुर्याउन सके मात्र लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यस गाउँपालिका अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा द्धढता सहित उभिने छ । समावेशी प्रतिनिधित्व,विकास निर्माण एंव साधन स्रोतमा जनताको स्वामित्वले मात्रै लोकतन्त्र अगाढी बढ्ने छ ।

स्थानीय तहमा महिला,जनजाती,दलित,अपाङ्ग,आदिवासी,अल्पसंख्यक पीछडिएको क्षेत्र र वर्गको समावेशी प्रतिनिधित्व सुरक्षित गर्न र निर्वाचित जनप्रतिनिधिहरुको माध्यम बाट जनसहभागिता मुलक विकासलाई नयाँ गति दिन यस गाउँपालिका सक्षम रहने छ ।

नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुको व्यापक र प्रतिफलयुक्त अभ्यास गर्दै स्थानीय तहको सरकारलाई शसक्त र सवल रुपमा विकास गराउनुपर्दछ भन्ने माग समेत गर्दै आफुलाई सोही बाटोमा अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

विगतमा जनप्रतिनिधिविहिन अवस्थामा जनताका माग आवश्यकतालाई सम्मान गर्दै स्थायी सरकारको रुपमा कार्य गरि अनवरत रुपमा सेवा प्रदान गर्नुभएका कर्मचारी वर्गप्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न कर्मचारी वर्गलाई उत्प्रेरित हुन अपिल गर्दछु ।

*कृषि,प्रविधी,रोजगार र पर्यटन*

*सुशासन र विकास धुर्कोटको परिवर्तन ।*

**उपस्थित मानुभावहरु,**

गाउँपालिकाको निर्वाचन सम्पन्न भई पदभार ग्रहणसँगै घोषणा गरिएको खरको छानो विस्थापनका लागि तथ्याङंक संकलनको कार्य सम्पन्न भई तथ्याङंक प्रशोधन भईरहेको र गाउँपालिका भरि खानेपानीको अवस्थाको अध्ययन भईराखेको अवस्था जानकारी गराउन चाहन्छु ।

अब म विषयगत रुपमा यस गाउँपालिकाको अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## सार्वजनिक सेवा तथा क्षमता विकास :

सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्बन गरि द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनमा ध्यान दिईनेछ । यसै आर्थिक वर्षमा गाउँपालिकाका सबै वडाहरुलाई ईन्टरनेट सञ्जालमा जोडिनेछ ।

सेवामैत्री संरचना तथा सेवाग्राहीमैत्री व्यवहारमार्फत गुणस्तरीय सेवाप्रवाहलाई मुल मन्त्रका रुपमा अवलम्बन गरिनेछ । सम्पूर्ण कार्यहरु अनलाइन प्रणाली मार्फत सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

धुर्कोट गाउँपालिका

गाउँपालिकामा अत्याधुनिक पूर्वाधारसहितको सुचना तथा अभिलेख केन्द्र निर्माण गरिनेछ।

नागरिक वडापत्र सहितको भित्तेपात्रो प्रकाशन गरिनेछ । सामाजिक सुरक्षा भत्तालाई यथासम्भव सहज र व्यवस्थित गरिनेछ ।

भ्रष्टचारजन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुती प्रदान गरिनेछ । यस आ.व. भित्रै गाउँपालिकाको विस्तृत विवरण सहितको पार्श्वचित्र तयार गरिनेछ ।

गाउँपालिका भित्रका सार्वजनिक निकायबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहिको मूल्याङकन गरि दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

बालमैत्री स्थानीय शासनमा जोड दिनुका साथै सेवा प्रवाहका क्रममा फरक क्षमता भएका व्यक्तिहरुलाई विशेष सहुलियत र ग्राह्यता दिईनेछ ।

निर्वाचित जनप्रतिनिधी,सेवा प्रदायक कर्मचारी तथा आम जनताको क्षमता विकास सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ । जस अन्तर्गत जनप्रतिनिधी तथा कर्मचारीका लागि कम्प्यूटर,अङग्रेजी भाषा तालिम तथा ड्राईभिङ तालिम सञ्चालन गरिनेछ ।

विषयगत कार्यालयका कर्मचारीहरुका लागि सम्बन्धित क्षेत्रको दक्षता अभिबृद्धि हुने खालका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई प्रोत्साहन तथा क्षमताविकासका तालिम सञ्चालन गरिनेछ ।

रोजगारि मुलक कार्यक्रमका रुपमा कम्प्युटर,सिलाई कटाई,हस्तकला,कुकिङ्ग,मोबाइल मर्मत तथा कम्प्युटर मर्मत,मोटरसाइकल मर्मत,सिकर्मी/डकर्मी लगायत सीपमुलक तालिम सञ्चालन गरिनेछ ।

देश तथा विदेशका सेवा प्रवाह सम्बन्धी अनुकरणीय अभ्यासको अध्ययनका लागि अध्ययन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

कुनैपनि योजना सञ्चालन गर्दा पेश्की उपलब्ध गराईने छैन ।

प्रत्येक आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिहरुलाई योजनाको सुरुमा अभिमुखिकरण र योजनाको अन्तमा अनिवार्य खर्च सार्वजनिक गर्ने व्यवस्था लागु गरिनेछ ।

असारे विकासको अन्त्य गर्नका लागि दोश्रो चौमासिकमा सम्पूर्ण योजनाहरुको अनुगमन गरि काम सुरु नगर्ने योजनाहरु खारेज गरिने तथा दोश्रो चौमासिक सम्म लक्षित कार्य नगर्ने योजनाहरुको निश्चित रकम कट्टी गरिनेछ ।

## सामाजिक विकासः

नेपालको संविधानले व्यवस्था गरे अनुरुप माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गरिनेछ ।

व्यवसायिक तथा प्राविधिक शिक्षालाई जोड दिँदै प्राविधिक शिक्षालय स्थापना गर्न आवश्यक पहल गरिनेछ । पाञ्चायन मा.वि.मा सुरु गरिएको कृषि प्राविधिक शिक्षा कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । विज्ञान तथा प्रविधिको प्रवर्धन र अवलम्बनका लागि प्रविधिमुलक कार्यलाई प्रोत्साहन दिईनेछ ।

गाउँपालिका भित्रको एकमात्र बहुमुखी क्याम्पस धुर्कोट परमानन्द बहुमुखी क्याम्पसको स्तरोन्नतिका लागि आवश्यक पहल गरिनेछ ।

जीवनमा शिक्षाको अपौचारीक सुरुवातको रुपमा रहने वालशिक्षालाई रोचक,ज्ञानबर्दक र नमुना बनाईनेछ ।

गाउँपालिका पूर्ण साक्षर घोषणा भैसकेकाले त्यसको निरन्तरताका लागि पुनर्ताजकिय कार्यक्रम सञ्चालन गरिनेछ ।

गरिब,विपन्न तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई शैक्षिक सामग्रीको व्यवस्था तथा छात्रवृत्तिको लागि निश्चित कोष स्थापना गरि सञ्चालन गरिनेछ ।

सामुदनयिक सिकाई केन्द्रलाई सुचना प्रविधि पुर्वाधार सहितको शैक्षिक सुचना केन्द्रको रुपमा विकास गर्ने कार्यक्रम यसैवर्ष कार्यान्वयन गरिनेछ ।

प्रत्येक वर्ष गाउँपालिकास्तरीय विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ । खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिकास्तरिय मुल खेलकुद विकास समिति र वडा स्तरीय उपसमितिहरु गठन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ । एक वडा एक खेलमैदान कार्यक्रम तुरुन्त कार्यान्वयनमा लगिनेछ ।

प्रत्येक व्यत्तिलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित गरिने छैन । स्वास्थ्य संस्थाहरुलाई व्यपस्थित र प्रविधियुक्त बनाउदै लगिनेछ । विशेष परिस्थितिका लागि प्रत्येक स्वास्थ्य संस्थाहरुमा स्थानीय व्यक्तिहरु सहितको QRT(Quick Response Team) व्यवस्था गरिनेछ ।

गर्भवती पोषण कार्यक्रमलाई चरणगत रुपमा सबै वडाहरुमा लागु गरिनेछ ।

धुर्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याव सेव निरन्तर सञ्चालनको व्यवस्था मिलाईदिनुका साथै स्वास्थ्य अनुसन्धान केन्द्रको रुपमा विकसित गर्दै लगिनेछ । हाडहाडेको धनमुडामा सामुदायिक स्वास्थ्य सेवा स्थापना गरिनेछ ।

लैङ्गीक समानता र सामाजिक समावेशिकरण प्रवद्धनका लागि वितरणकारी र पुनर्वितकरणकारि न्यायको सिद्धान्त अवलम्बन गरिनेछ । लैङ्गीक हिंसा न्युनिकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिने,कानुनी सहायता उपलब्ध गराइने तथा कानुनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग गरिनेछ ।

गाउँपालिकाबाट सञ्चालन हुने हरेक किसिमका कार्यक्रमहरुमा समावेशीकरणको नीति अवलम्बन गरिनेछ । शहिद तथा द्वन्द पिडित परिवारका लक्षित विविध कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

उपभोक्ता समिति गठन गर्दा अध्यक्ष वा सचिव मध्य एक मुख्य पद सहित समितिमा महिलाको ४५ % सहभागिता सुनिश्चित गरिनेछ । खाता सञ्चालनमा एक जना महिलाको दस्तखत अनिवार्य गरिनेछ ।

गाउँपालिकामा युवा,दलित,महिला,जनजाती,अपाङ्ग समन्वय समिति गठन गरि समन्वयात्मक विकास नीति अवलम्बन गरिनेछ । विकास योजनाको कन्टेन्जेन्सी रकमबाट निश्चित रकम छुट्याई स्वरोजगार कोषको स्थापना गरिनेछ ।

सरकारी तथा गैर सरकारी संस्थाहरुबिच आपसी समन्वय र सहकार्यका आधारमा सेवा प्रवाहलाई जोड दिइनेछ । गैर सरकारी संस्था सञ्चालनमा एकिकृत कार्यक्रम र एक द्वार नीति अवलम्बन गरिनेछ ।

## पूर्वाधार विकासः

यस आ.व. का वडास्तरीय योजना तर्जुमाका क्रममा तात्कालिन,अल्पकालीन र दीर्घकालिन योजनाहरु छनौट गरि ल्याईएको छ ।

बजार तथा व्यवसायलाई व्यवस्थित र नियमित गरिनेछ । गाउँपालिकामा हाटबजार सञ्चालन गर्न आवश्यक पहल गरिनेछ । कालोबजारी नियन्त्रण तथा अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धताका लागि स्थानीय सरोकारवाला सर्वपक्षिय प्रतिनिधि सम्मिलित समिति निर्माण गरि अनुगमन र नियमन गरिनेछ । व्यवसायिले मुल्यसुचि राख्नुपर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

लामो समयदेखि धुर्कोटवासिले भोग्दै आएको स्वच्छ पिउने पानीको समस्यालाई समाधान गर्न हरसम्भव प्रयास गरिनेछ । एक घर एक धारो कार्यक्रम द्रुतताका साथ अघि बढाईने छ ।

श्रमको सम्मानको वातारण सुजना गरिनेछ । बालश्रमको पूर्णरुपमा अन्त्य गर्न पहल गरिनेछ । सम्मान जनक ज्यालादर निर्धारण गरि श्रमिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

कृषि,सिंचाई,गरिबी निवारण तथा पर्यटन प्रवर्धन सम्बन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

सिंचाई कुलो,लिफट सिंचाई,थोपा सिंचाई र प्लाष्टिक पोखरी निर्माण मार्फत सिंचाई कार्यलाई व्यवस्थित गरिनेछ ।

आधारभुत सडक,सरसफाई,विद्युत र उर्जा सम्बन्धी पर्स्वाधार विकासका लागि तत्काल कार्य गरिनेछ ।

गाउँपालिकाको केन्द्रबाट सबै वडामा पुग्ने बाटोलाई व्यवस्थित र सुचारु गरिनेछ । गाउँपालिकाभित्र रिङरोड सञ्चालन र बसपार्क स्थापना गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

यस गाउँपालिकाका नयाँगाँऊ,पिपलधारा र हाडहाडेलाई गाउँपालिकाको केन्द्रसँगको आवतजावतलाई सहज बनाउन पक्कि पुल निर्माणका लागि पहल गरिनेछ ।

विद्युत उत्पादनको सँभाव्यता अध्ययन,प्रसारण लाईन व्यवस्थापन तथा वैकल्पिक उर्जा प्रवर्धन सम्बन्धी कार्यको थालनी गरिनेछ ।

व्यवस्थित वस्ति विकास गुरुयोजना तयार गरि लागु गरिनेछ । वाग्ला लगायत अन्य वडाहरुमा नमुना वस्ति विकासको कार्य अघि बढाइनेछ । सुकुम्बासीको लगत संकलन गर्ने कार्यलाई प्राथमिकलतमा राखिनेछ ।

धुर्कोट गाउँपालिका

## आर्थिक विकासः

गाउँपालिकाको श्रोतको अनुमान,प्राप्ति,परिचालन र उपभोक्ता नागरिक सहभागिताको प्रवर्धन गर्दै बजेटको प्रभावकारिर प्रतिफलमुलक र पारदर्शी रुपमा कार्यान्वयन गरिनेछ । योजना कार्यान्वयनमा चूस्तता कायम गर्न प्रविधिको अधिकतम प्रयोगमा जोड दिईनेछ ।

प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनेछ । कर अभिलेख प्रणालीलाई सुचना प्रविधिमा आधारित बनाउदै लगिनेछ ।

घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्धनमा जोड दिईनेछ ।

कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक र व्यवसायिक खेति प्रणाली अवलम्बन गरिनेछ । पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरि कृषिमा विविधिकरण गरिनेछ । ससुन्तला,अदुवा,कफि,खुर्सानी,अमिला जातका फलफुल,मसलावाली तथा नगदेवालीलाई प्रवर्धन र विकास गरिनेछ ।

सहकारी खेति,महिलाहरुद्वारा सञ्चालित सहकारी एंव उत्पादनमुलक सहकारीद्वारा सञ्चालीत कार्यक्रमलाई प्राथमिकतामा राखि प्रोत्साहन गरिनेछ ।

अर्गानिक मौरिपालन व्यवसायका लागि कृषक समुह तथा पकेट क्षेत्र बनाई कार्यान्वयन गरिनेछ । व्यवसायिक च्याऊ खेति कार्यक्रम सञ्चालन गरिनेछ ।

रोजगारमुलक बहुवर्षिय कृषि क्रान्ति योजना तयार गरि लागु गरिनेछ ।अनुपस्थित भु स्वामित्व अन्त्य गर्न लगत संकलन गरि जग्गाको वर्गिकरण गरिने र उत्पादनमुलक कार्य सञ्चालन गरिनेछ ।

सहकारी खेती,महिलाद्वारा सञ्चालित सहकारी एंव उत्पादनमूलक सहकारीद्वारा सञ्चालित कार्यक्रमलाई प्राथमिकतामा राखि प्रोत्साहन गरिनेछ ।

२० वर्ष भन्दा बढी अनवरत व्यवसायिक कृषिमा संलग्न किसानलाई उचित सामाजिक सुरक्षा प्रदान गरिनेछ ।

व्यवसायिक पशुपालन,मासु उत्पादन,दुग्ध तथा पोल्ट्रि जन्य वस्तुको उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

प्राकृतिक श्रोतसाधनको पहिचान गरि त्यसको सहि व्यवस्थापन र संरक्षणपश्चात मात्र वैज्ञानिक ढङ्गबाट उपभोग गरिनेछ । जडिबुटि नर्सरी स्थापना गरि जडिबुटि खेतिलाई प्रवर्धन गरिनेछ ।

पर्यटन मार्फत आर्थिक विकासका लागि पर्यटकिय क्षेत्रहरुको पहिचान,संरक्षण र विकास गरिनेछ । धुर्कोटको कोटलाई संग्रहालयको रुपमा विकसीत गर्दै लगिनेछ । बर्बोट देखि धुर्कोटको कोट सम्म केबलकारको सम्भाव्यता अध्ययन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

पिकनिक स्थल,जलयात्रा,होम स्टे,चलचित्र सुटिङ्ग स्थलहरु पहिचान गरि व्यवस्थित गरिनेछ । ऐतिहासिक,धार्मिक,साँस्कृतिक भौतिक तथा अभौतिक सम्पदाहरुको संरक्षण गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापनः

हरियालि प्रवर्धन गर्ने तथा प्राकृतिक सुन्दरता कायम गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । विकास कार्यक्रम सञ्चालन गर्दा दिगो विकास नीति अवलम्बन गरिनेछ ।

वातावरणमैत्री प्राचिन प्रविधिहरुको संरक्षण र हस्तान्तरणमा जोड दिइनेछ ।

वृक्षारोपण,तटबन्धन,नदी नियन्त्रण तथा जलवायु अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।

जलवायु परिवर्तन अनुकुलनका लागि छुट्टै कोष स्थापना गरिनेछ ।

स्वच्छ धुर्कोट अभियान सञ्चालन अभियानका लागि एक छुट्टै सरसफाई कोष स्थापना गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

गाउँपालिका स्तरिय विपद् प्रतिकार्य योजना तयार गरि लागु गरिनेछ । विपद् व्यवस्थापन कोष स्थापना गरि कार्यविधि बनाई सञ्चालन गरिनेछ ।चरिचरन व्यवस्थापन,डढेलो र प्रकोप नियन्त्रणका लागि वन संरक्षण सम्बन्धी कार्यहरु समन्वायत्मक ढङ्गबाट गरिनेछ ।

विपद् तथा प्रकोपबाट प्रभावितहरुलाई तत्काल उद्धारका लागि QRT(Quick Response Team) प्रत्येक वडामा गठन गरिनेछ ।

फोहोरको उत्पादनलाई न्युनिकरण गर्ने र उत्पादित फोहोरलाई वर्गीकरण गरि पुन प्रयोगमा जोड दिईनेछ । व्यवस्थित डम्पिङ्ग साईटको निर्माण गरि फोहोरबाट उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ ।

अन्तमा परिवर्तित राज्यसंरचनाको नौलो अभ्यास,स्थानीय तहको पहिलो गाउँसभामा उपस्थित सदस्यज्यूहरु,सम्पूर्ण अतिथिज्यूहरु कर्मचारी तथा सुरक्षाकर्मी साथीहरु,पत्रकार लगायत सबैमा यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षासहित धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद नमस्कार ।**

**भुपाल पोखरेल**
**अध्यक्ष**
**धुर्कोट गाउँपालिका, बर्बोट,गुल्मी**

धुर्कोट गाउँपालिका

## गाउँसभाका आदरणीय अध्यक्ष ज्यू,तथा सम्पूर्ण सदस्य ज्यूहरु,

नेपालको संविधानमा व्यवस्था भएअनुसार स्थानीय तहको गठन भएको,स्थानीय तहको निर्वाचन २०७४ अनुसार यस धुर्कोट गाउँपालिकाको निर्वाचन सम्पन्न भई स्थानीय सरकारलाई डोर्याउने अवसर हामी निर्वाचित राजनैतिक नेतृत्वलाई प्राप्त भएको छ । यस सन्दर्भमा धुर्कोट गाउँपालिकाको विकास र अग्रगमनका लागि आय व्याय समेटिएको बजेटको दस्तावेज यस सम्मानित सभामा पेश गर्न पाँउदा सबैमा आशाको नयाँ सञ्चार र उर्जा प्राप्त भएको अनुभव गरेको छु । धुर्कोट गाउँपालिका-गाउँ सभा सञ्चालन कार्यविधी को दफा २६ (२) को व्यवस्था र अध्यक्ष ज्यूको आदेश बमोजिक यस सम्मानित सभामा आ.व.०७४/७५ को बजेट पेश गर्न गईरहेको छु ।

लामो समय हाम्रा स्थानीय निकायहरु जनप्रतिनिधी विहिन रँहदा यँहाको विकास व्यवस्थापन,सेवा प्रवाहले अपेक्षित गति लिन सकेन । जनताको उत्साहपूर्ण सहभागिताबाट सम्पन्न निर्वाचन मार्फत हामी राजनैतिक नेतृत्वले जनप्रतिनिधी भई जनताको सेवा गर्ने यो सुअवसर प्राप्त गरेको सन्दर्भमा यँहाको सेवा प्रवाह र विकास कार्यमा जनताको उच्च अपेक्षा रहनु स्वभाविक हो । यद्धपी स्थानीय श्रोतसाधन परिचालनको सुरुवाति चरणमा रहिरँहदा न्यून श्रोतमा जनताका अधिकतम आकांक्षाहरुलाई सम्बोधन गर्नुपर्ने चुनौति हामीमाझ रहेको छ । साविकका सातवटा गाउँ विकास समितिहरुको भुगोललाई समेटेर नयाँ संरचनाको रुपमा धुर्कोट गाउँपालिकाको गठन भएकोमा सबै क्षेत्रका विविध र व्यापक आवश्यकताहरुलाई उपलब्ध श्रोतसाधनले सकेसम्म न्याय गरोस भन्ने मान्यताका साथ यो बजेट तर्जुमा गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । लामो समयदेखि मानसपटलमा रहेको हाम्रो राजनैतिक विभाजन र सेवाप्रवाहको संरचनालाई नयाँ सुन्दर र व्यवस्थित संघीय संरचना मार्फत प्रतिस्थापित गराउन हामीले अत्याधिक लगनशिलताका साथ कार्य गर्नुपर्ने देखिन्छ ।

बजेट तर्जुमाका क्रममा नेपालको संविधान,स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ लाई मुख्य दस्तावेजको रुपमा लिईएको छ । वस्ति, टोल तथा वडा स्तरीय योजना संकलनका क्रममा तात्कालीन,अल्पकालीन र दीर्घकालीन योजनाहरु वर्गिकरण गरि लिईएको छ । भुगोल,भौगोलिक अवस्थित तथा जनसंख्या समेतलाई मनन गरि योजना र बजेट तर्जुमाको काम भएको छ ।

**वस्ति, टोल, वडास्तरबाट प्राप्त योजनाहरुको प्राथमिकीरण र छनौटमा निम्नानुसारको आधार लिईएको छ :**

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने
- राजश्व परिचालनमा योगदान पुर्याउने
- सेवा प्रवाह,संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने ।

### सभाध्यक्ष महोदय,

आ.व.०७४।७५ का लागि धुर्कोट गाउँपालिकाको अनुमानित आय व्यय विवरण यस प्रकार रहेको छ :

आयतर्फ गत वर्षको मौज्दात रकम **अन्ठाउन्न लाख तेह्र हजार आठ सय अन्ठाउन्न** रुपैयाँ रहेको छ ।आन्तरिक राजश्वबाट **पन्ध्र लाख** रुपैयाँ अनुमान गरिएको छ । नेपाल सरकारको सशर्त अनुदानतर्फ **एघार करोड वत्तिस लाख एघार हजार** रुपैयाँ र निशर्त अनुदानतर्फ **सोह्र करोड तीस लाख पैतालिस हजार** रुपैयाँ गरि जम्मा **अठ्ठाईस करोड पैतिस लाख उनान्सत्तरि हजार आठ सय अन्ठाउन्न** रुपैयाँ रहेको छ ।

व्यय:चालुतर्फ विषयगत कार्यालयको सशर्त अनुदान **एघार करोड बत्तिस लाख एघार हजार** रुपैयाँ,गाउँपालिकाको चालुखर्च **तीन करोड सत्र लाख** र समष्टिगत पूँजिगत खर्च **तेह्र करोड छयासी लाख अन्ठाउन्न हजार आठ सय अन्ठाउन्न** गरि जम्मा व्यय **अठ्ठाईस करोड पैतिस लाख उनान्सत्तरि हजार आठ सय अन्ठाउन्न** रहेको छ ।

### सभाध्यक्ष महोदय,

अब म यस बजेट बक्तव्यमा भएका मुख्य मुख्य योजनाहरुलाई साराशंमा उल्लेख गर्न चाहन्छु ।

जुनसुकै विकास कार्यलाई व्यवस्थित र टिकाउ बनाउनका लागि सर्वप्रथम विकासका आधारभूत पूर्वाधारहरुलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । यहि मान्यतालाई आधार मानेर पूर्वाधार विकास तर्फ **पाँच करोड उन्साठी लाख**

धुर्कोट गाउँपालिका

**अड्चालिस हजार आठ सय अन्ठाउन्न** रुपैयाँ विनियोजन गरेको छ । पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक,सिचाई,भवन तथा सहरि विकास,उर्जा लघु तथा साना जलविद्युत र सञ्चार क्षेत्रका योजनाहरु समेटिएका छन् ।

भौतिक विकास र सामाजिक विकासलाई समानान्तर ढङगबाट अघि बढाउन सकिएन भने सन्तुलित विकास हाँसिल गर्न सकिदैन । साथै सामाजिक विकासले सम्पूर्ण विकास कार्यलाई संस्थागत गर्ने कार्य गर्दछ । त्यसैले सामाजिक विकास तर्फ **चार करोड चौरानव्वे लाख पचहत्तर हजार** रुपैयाँ विनियोजन गरेको छ । सामाजिक विकासमा शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई सँस्कृति खेलकुद तथा मनोरञ्जन र सामाजिक समावेशिकरणका योजनाहरु समावेश भएका छन् । खरको छानो विस्थापनका लागि दुई वर्षे योजना ल्याईएकोमा यस आर्थिक वर्षका लागि **एक करोड पचास लाख** रुपैयाँ विनियोजन गरेको छ ।

आर्थिक विकास विना विकासको परिकल्पना गर्न सकिदैन । विकासको मेरुदण्ड भनेकै अर्थतन्त्रको सुद्धढीकरण हो । कृषि,उद्योग तथा वाणिज्य,पर्यटन,सहकारी र वित्तिय क्षेत्र आर्थिक विकासका विविध क्षेत्र हुन् । यि क्षेत्रहरुको विकासका लागि **एक करोड चौबन्न लाख छेसट्ठी हजार दुई सय पचास** रुपैयाँ छुट्याएको छु ।

हाम्रा हरेक कियाकलाप वातावरणमैत्री हुनेछन् भनि नीती तथा कार्यक्रममा पनि उल्लेख गरिएको छ । वातावरणमैत्री दीगो विकास मात्र टिकाउ र प्रतिफलमूलक हुन्छ । वातारण क्षेत्रका वन तथा भु संरक्षण, जलाधार संरक्षण,वातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोरमैला तथा ढल व्यवस्थापन लगायत शिर्षहरुका लागि **बाईस लाख** रुपैयाँ विनियोजन गरेको छु ।

संस्थागत विकास सेवा प्रवाह र शुसासन मार्फत लोकतन्त्रहरुको लाभहरुको आधिकारिक वितरण गर्दै नागरिकमुखि सेवा प्रदान गर्न सकिएमा संस्था प्रति नागरिकको अपनत्व विकास हुन्छ भन्ने विश्वास लिइएको छ । दैनिक सेवा प्रवाहका कार्यहरुलाई सहज सरल र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरु अनलाईन प्रणालीमा लैजान एकमुष्ठ **अड्सट्ठी लाख अड्सट्ठी हजार सात सय पचास** रुपैयाँ विनियोजन गरेको छु । सुरक्षासमन्वय र व्यवस्थापनका लागि रकम छुट्याएको छु । समपूरक कोषका लागि **चालिस लाख** रुपैयाँ विनियोजन गरिएको छ ।

वडा कार्यालयहरु,विषयगत कार्यालयका शाखाहरु र गाउँपालिकामा फर्निचर व्यवस्थापनका लागि **बीस लाख** रुपैयाँ विनियोजन गरेको छु । सवारी साधन तर्फ **सात लाख** रुपैयाँ विनियोजन गरेको छु । साथै वडा कार्यालयहरु ,विषयगत कार्यालयका शाखाहरु र गाउँपालिकामा सोलार सिस्टम जडान र मेसिनरी औजार तर्फ **बीस लाख** रुपैयाँ विनियोजन गरेको छु ।

बजेटको विस्तृत विवरण यस प्रकार रहेको छ ।

**धन्यवाद नमस्कार ।**

**शिव बहादुर खत्री**
**उपाध्यक्ष**
**धुर्कोट गाउँपालिका, बर्बोट,गुल्मी**

धुर्कोट गाउँपालिका

## आय व्ययको विवरण

आ.व.२०७४।७५ **रु. हजारमा**

| शीर्षक | | आ.व.२०७४।७५ को अनुमान |
|---|---|---|
| आय : | | १५०० |
| | **राजश्व :** | **१५००** |
| | आन्तरीत राजश्व | १५०० |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **२८३५६९।८५८** |
| | नेपाल सरकारबाट प्राप्त | २७६२०० |
| | क. वित्तीय समानीकरण अनुदान | १६२९८९ |
| | ख. सशर्त अनुदान | ११३२११ |
| | गत वर्षको मौज्दात ( सञ्चित कोष) | **५८,१३,८५८** |
| व्यय : | | **२८३५६९।८५८** |
| | चालु खर्च | १४४९११ |
| | विकास खर्च (पूँजीगत खर्च समेत) | १३८६५८।८५८ |

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान
## आ.व. २०७४।७५

रु.हजारमा

| शीर्षक | | आ.व. २०७४।७५ को लक्ष्य |
|---|---|---|
| **राजस्वः** | | |
| | **आन्तरीक राजस्व :** | |
| | सम्पती कर | १०० |
| | भुमी कर (मालपोत) | ५०० |
| | व्यवसाय कर | २०० |
| | सिफारीस तथा अन्य दस्तुर | ५०० |
| | पञ्जीकरण | १५० |
| | जडीबुटी,कवाडी जीवजन्तु | ५० |
| | **कुल जम्मा** | **१५००** |

# व्यय अनुमान
## आ.व. २०७४/०७५

रु.हजारमामा

| शीर्षक | | | आ.व. २०७४/७५ को अनुमान | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तिय हस्तान्तरण: नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | ऋण |
|---|---|---|---|---|---|---|---|---|
| **चालु खर्च** | | | | | | | | |
| | | वित्तिय समानीकरण | | | | | | |
| सि.नं | खर्च शिर्षक | विवरण | रकम | | | | | |
| १ | २१११११ | कर्मचारी तलब | ५५०० | | | | | |
| २ | २१११३ | महंगी भत्ता | ३४५ | | | | | |
| ३ | २१११२ | स्थानीय भत्ता | ३०० | | | | | |
| ४ | २११२१ | पोशाक भत्ता | २२५ | | | | | |
| ५ | २२११२ | संचार महसुल | ८०० | | | | | |
| ६ | २२१२१ | घर भाडा | ४०० | | | | | |
| ७ | २२१२२ | अन्य भाडा | १५०० | | | | | |
| ८ | २२२११ | इन्धन | ७०० | | | | | |
| ९ | २२३१४ | इन्धन अन्य प्रयोजन | ३५० | | | | | |
| १० | २२२१२ | संचालन तथा मर्मत सम्भार | ५०० | | | | | |
| ११ | २२१११ | पानी तथा बिजुली महसुल | ३०० | | | | | |
| १२ | २२६११ | अनुगमन मुल्यांकन खर्च | ६०० | | | | | |
| १३ | २२६१२ | भ्रमण खर्च | २४०० | | | | | |
| १४ | २१११९ | अन्य भत्ता | ४५०० | | | | | |
| १५ | २२४११ | अन्य सेवा शुल्क सेवा परामर्श | ५०० | | | | | |
| १६ | २२३११ | कार्यालय संचालन खर्च | ३००० | | | | | |
| १७ | २२७११ | विविध | ३००० | | | | | |
| १८ | २११०० | पदाधिकारी तलब भत्ता | २०८० | | | | | |
| १९ | | कर्मचारी प्रोत्साहन भत्ता आन्तरिक आय | ७०० | | | | | |
| २० | २२५११ | कर्मचारी तालिम खर्च | ८०० | | | | | |
| २१ | २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८०० | | | | | |
| २२ | २२५२९ | विविध कार्यक्रम खर्च | २०० | | | | | |
| २३ | २२५२२ | कार्यक्रम खर्च | ५०० | | | | | |
| २४ | २२४१२ | अन्य सेवा शुल्क | १७०० | | | | | |
| | | **जम्मा** | **३१७००** | | | | | |
| | | | | | | | | |

## शसर्त अनुदान

| सि.नं. | खर्च शिर्षक | विवरण | रकम | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८०१६८० | स्थानिय तहमा रहने कृषि प्रविधिकको तलब तथा पोसाक | १२८० | | | | | |
| २ | ८०१६८० | एक गाउँ एक प्राविधिक | ११८३ | | | | | |
| ३ | ८०१६८० | प्रत्येक स्थानीय तहमा एक वटा सामुदायिक सिकाई केन्द्रलाई आई.सि.टि. पुर्वाधार सहितको शैक्षिक सुचना केन्द्रको रुपमा विकास गर्ने | २०० | | | | | |
| ४ | ८०१६८० | प्राथमिक तथा निम्न माध्यमिक तहका शिक्षक तलब तथा प्रशासनिक खर्च | ५८६७६ | | | | | |
| ५ | ८०१६८० | माध्यमिक तहका शिक्षक तलब तथा प्रशासनिक खर्च | १५०६३ | | | | | |
| ६ | ८०१६८० | विद्यालय क्षेत्र विकास कार्यक्रम गोष्ठि तथा कार्यशाला | ८७८० | | | | | |
| ७ | ८०१६८० | विद्यालय क्षेत्र विकास कार्यक्रम गोष्ठि तथा कार्यशाला | १४७९ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ८०१६८० | विद्यालय क्षेत्र विकास कार्यक्रम गोष्ठि तथा कार्यशाला | ३०९७ | | | | | |
| ९ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु) कर्मचारीहरुको तलब भत्ता वापतको खर्च | १३६७८ | | | | | |
| १० | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु) स्थानीय भत्ता | ४०० | | | | | |
| ११ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु) मंहगी भत्ता | ३३६ | | | | | |
| १२ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु) अन्य स्वास्थ्य कर्मीको फिल्ड भत्ता | ११० | | | | | |
| १३ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु) अन्य भत्ता | ६० | | | | | |
| १४ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु) कर्मचारीहरुको पोशाक भत्ता | २६३ | | | | | |
| १५ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु) पानि तथा विजुली महसुल | १२ | | | | | |
| १६ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु) पाले,स्वीपर,गार्ड,बगैंचे,का.स.आदिको सेवा करारमा लिने | ८४० | | | | | |
| १७ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु)साधारण अनुगमन | २ | | | | | |
| १८ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु)सरुवा भ्रमण खर्च र दैनिक भत्ता | १० | | | | | |
| १९ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु)संचार महसुल | २ | | | | | |
| २० | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु)घर भाडा | १० | | | | | |
| २१ | ८०१६८० | प्राथामिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय,स्वास्थ्य केन्द्र, चौकी तथा उप चौकीहरु)कार्यालय मसलन्द सामान खर्च | ५० | | | | | |
| २२ | ८०१६८० | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा सामाग्रीहरु वितरण | २ | | | | | |
| २३ | ८०१६८० | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र छापा सञ्चार माध्यमबाट स्वास्थ्य सन्देश प्रसारण | ८ | | | | | |
| २४ | ८०१६८० | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र स्थानीय स्तरमा स्वास्थ्य शिक्षा सामाग्रीहरु उत्पादन तथा वितरण | २ | | | | | |
| २५ | ८०१६८० | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र विद्यालयमा स्वास्थ्य प्रर्वद्धन तथा शिक्षा कार्यक्रम | ८ | | | | | |
| २६ | ८०१६८० | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र समुदायमा स्वास्थ्य सेवा प्रर्वद्धन अन्तरक्रिया कार्यक्रम | ८ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७ | ८०१६८० | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र समुदायीक स्वास्थ्य प्रर्वद्धन अभियान | ६ | | | | | |
| २८ | ८०१६८० | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र विश्व स्वास्थ्य दिवस मनाउने | ४ | | | | | |
| २९ | ८०१६८० | महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई पोशाक भत्ता | ५८५ | | | | | |
| ३० | ८०१६८० | करारमा अ.न.मी नियूक्ति | २६६ | | | | | |
| ३१ | ८०१६८० | लामो अवधिको जन्मान्तरको लागि स्याटेलाईट सेवा | ८२ | | | | | |
| ३२ | ८०१६८० | औषधी सामाग्री ढुवानी तथा वितरण | ३५ | | | | | |
| ३३ | ८०१६८० | पाटोग्राफ तथा फर्म फरमेट छपाई | ३ | | | | | |
| ३४ | ८०१६८० | आई.यू.सि.डि. सेवा प्रदान | ६ | | | | | |
| ३५ | ८०१६८० | ईम्प्लान्ट सेवा | ७ | | | | | |
| ३६ | ८०१६८० | महिला स्वास्थ्य स्वयंमसेविका दिवस मनाउने | २५ | | | | | |
| ३७ | ८०१६८० | महिला स्वास्थ्य स्वयंमसेविका अर्धवार्षिक समिक्षा बैठक | २६० | | | | | |
| ३८ | ८०१६८० | महिला स्वास्थ्यस्वयमसेविकाहरुलाई सम्मानजनक बिदाई | ६० | | | | | |
| ३९ | ८०१६८० | किशोर किशोरी कार्यक्रम अर्न्तगत महिनावारी व्यवस्थापन कार्यक्रम | ८ | | | | | |
| ४० | ८०१६८० | गाउँघर क्लिनिक सञ्चालन यातयात खर्च | ६१ | | | | | |
| ४१ | ८०१६८० | सुरक्षित प्रसुति सेवाका लागि समिक्षा | ८० | | | | | |
| ४२ | ८०१६८० | पोषण सम्बद्ध सूचकहरुको रुटिन डाटा सेल्फ एसिसमेन्ट | ८ | | | | | |
| ४३ | ८०१६८० | पूर्या पोषणयुत्त वडा अभियान(सनौलो हजार दिनको लागि महिला तथा बालबालिका) | १० | | | | | |
| ४४ | ८०१६८० | भिटामिन ए क्याप्सुल वितरण कार्यक्रमको लागी स्वंयमसेविका परिचालन खर्च (कार्तिक र बैशाख) | १२६ | | | | | |
| ४५ | ८०१६८० | पि.एन.सि कमभएका जिल्लामा माइक्रो प्लानिङ | | | | | | |
| ४६ | ८०१६८० | प्रा.स्वा.के सेवा सुदृढीकरण | ३०० | | | | | |
| ४७ | ८०१६८० | स्वास्थ्य चौकीस्तरमा फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम | १२० | | | | | |
| ४८ | ८०१६८० | औंलोरोग ग्रसित क्षेत्रहरुमा संकास्पद औलोरोग पत्ता लगाई नमुना संकलन गरी उपचार निगरानी गर्ने | १० | | | | | |
| ४९ | ८०१६८० | नि.शुल्क स्वास्थ्य सेवाको लागि औषधी खरिद | ३१५ | | | | | |
| ५० | ८०१६८० | कार्यालय संचालन खर्च | ४ | | | | | |
| ५१ | ८०१६८० | ओ.पि.डि टिकट छपाई र दर्ता शुल्क वापत अनुदान | ११५ | | | | | |
| ५२ | ८०१६८० | आमासुरक्षा कार्यक्रम सेवा प्रदान सोधभर्ना तथा यातयात खर्च | २०० | | | | | |
| ५३ | ८०१६८० | गर्भवति तथा सुत्केरी उत्प्रेणा सेवा | ७६ | | | | | |
| ५४ | ८०१६८० | जिल्ला तथा बर्थिङसेन्टरहरुबाट आकस्मिक रुपमा रेफर | ५ | | | | | |
| ५५ | ८०१६८० | सुत्केरी तथा नवजात शिशुलाई न्यानोझोला लुगासेट वितरण | १६६ | | | | | |
| ५६ | ८०१६८० | प्रा.स्वा.के मा विधुत्तिय हाजिर | ४० | | | | | |
| ५७ | ८०१६८० | पाठेघरको मुखको क्यान्सर जाँच गर्न भि.आइ.ए. सेट खरिद | | | | | | |
| ५८ | ८०१६८० | शिलिकन रिडप्रेशरी खरिद | ५ | | | | | |
| ५९ | ८०१६८० | गाउँघर क्लिनिक सञ्चालनको लाग उपकरण खरिद | ८ | | | | | |
| ६० | ८०१६८० | पूर्ण खोपको दिगोपनको लागि स्थानीयस्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुको अर्न्तक्रिया,योजना निर्माण वडा खोप समन्वय समिति गठन | ६० | | | | | |
| ६१ | ८०१६८० | पूणृ खोप घोषणा कार्यक्रम दिगोपनको लागि सर्वक्षण भेरिफिकेशन रअनुगमन | ६४ | | | | | |
| ६२ | ८०१६८० | बैशाख महिनालाई खोप महिनाको रुपमा सञ्चालन | ४६ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६३ | ८०१६८० | परिवार नियोजन तथा सुरक्षित मातृत्व दिवस मनाउने | ५ | | | | | | |
| ६४ | ८०१६८० | बन्ध्याकरण घुम्ती शिविर अगाफै स्वंयमसेविकासँग छलफल | ३५ | | | | | | |
| ६५ | ८०१६८० | स्टाफनर्स अनमीहरुलाई क्लिनिकल अपडेट तालिम | २० | | | | | | |
| ६६ | ८०१६८० | FP satisfied clinet intraction programme and follow up | १० | | | | | | |
| ६७ | ८०१६८० | पूर्णखोप सुनिश्चित तथा दिगोपनको लागि स्वास्थ्य संस्था प्रमुख र वडा प्रमुखको १ दिने गोष्ठी | ४९ | | | | | | |
| ६८ | ८०१६८० | पहुँच नपुगेका बच्चाको खोजी तथा पूर्णखोप दिलाउन स्वयमसेविका अभिमुखिकरण र योजना निर्माण | ५६ | | | | | | |
| ६९ | ८०१६८० | बाह्य खोपकेन्द्रको भवन निर्माण | ३०० | | | | | | |
| ७० | ८०१६८० | स्थानीय तह सञ्चालन खर्च | १० | | | | | | |
| ७१ | ८०१६८० | उपचारकेन्दहरुमा आकस्मिक अवस्थामा औषधी ल्याब सामाग्री ढुवानी | २१ | | | | | | |
| ७२ | ८०१६८० | उपचारकेन्दमा गई कार्यक्रमको अनुगमन र मूल्यांकन गरि कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने | २१ | | | | | | |
| ७३ | ८०१६८० | क्षयरोगमैत्री उपचारकेन्द्र स्थापना | | | | | | | |
| ७४ | ८०१६८० | औषधी परिक्षणका लागि automatic dissolution apparatus लगायतका प्रयोगशाखा उपकरण | ११९ | | | | | | |
| ७५ | ८०१६८० | क्षयरोग बिरामीको तौल अनुमान गर्न तौल मेसिन खरिद | २१ | | | | | | |
| ७६ | ८०१६८० | पि.बि.सि बिरामीका परिवारको क्षयरोग परिक्षण गर्न यातयात खर्च | ६ | | | | | | |
| ७७ | ८०१६८० | पूर्ण संस्थागत सुत्केरी गाबिस/न.पा घोषणा | ५० | | | | | | |
| ७८ | ८०१६८० | आयुर्वेद चिकित्सालयहरु कर्मचारी तलबभत्ता वापतको रकम | २१०४ | | | | | | |
| ७९ | ८०१६८० | स्थानीय भत्ता | १८० | | | | | | |
| ८० | ८०१६८० | महंगी भत्ता | ६० | | | | | | |
| ८१ | ८०१६८० | बैठक भत्ता अन्य भत्ता | ७९ | | | | | | |
| ८२ | ८०१६८० | पोशाक भत्ता | ३८ | | | | | | |
| ८३ | ८०१६८० | आयुर्वेद सेवा कार्यक्रम निशुल्क टिकट दर्ता शुल्क | २० | | | | | | |
| ८४ | ८०१६८० | पानी तथा बिजुली महसुल | ३६ | | | | | | |
| ८५ | ८०१६८० | इन्धन अन्य प्रयोजन | २० | | | | | | |
| ८६ | ८०१६८० | व्यक्ति करार | ५०४ | | | | | | |
| ८७ | ८०१६८० | संचार महसुल | २४ | | | | | | |
| ८८ | ८०१६८० | नियमित कार्यालयको बिबिध खर्च | २० | | | | | | |
